गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

प्रदेश जनस्वास्थ्य कार्यालय

पुतलीबजार स्याङ्गजा

जनस्वास्थ्य बुलेटिन - भदौ २०८३

अंक: १
आ.व.: २०८३/०८४

मुख्य उपलब्धिहरू

- IMNCI कार्यक्रमको बार्षिक समिक्षा
- खोप ढुवानीकर्ताहरूलाई १ दिने क्षमता अभिवृद्धि तालिम
- Basic Life Support (BLS) Training
- विश्व आत्महत्या रोकथाम दिवस कार्यक्रम
- मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम
- स्वस्थ गाउँ स्वस्थ पालिका सम्बन्धी १ दिने पैरवी कार्यक्रम

IMNCI कार्यक्रमको बार्षिक समीक्षा

नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रमको वार्षिक समिक्षा सम्बन्धि कार्यक्रम यस कार्यालयको आयोजनामा सम्पन्न भएको छ। समीक्षा कार्यक्रममा कार्यक्रमको वार्षिक प्रगति, सेवा प्रवाहको अवस्था, उपलब्धि तथा देखिएका समस्या र चुनौतीहरूको समीक्षा गर्दै आगामी वर्षका लागि सुधार तथा कार्ययोजना सम्बन्धी छलफल गरिएको थियो।

खोप ढुवानीकर्ताहरूलाई १ दिने क्षमता अभिवृद्धि तालिम

यस कार्यालयको आयोजनामा खोप ढुवानीकर्ताहरूको क्षमता अभिवृद्धि तथा खोपको सुरक्षित ढुवानी र कोल्ड चेन व्यवस्थापनसम्बन्धी १ दिने तालिम ५ वटा ब्याचमा सम्पन्न भएको छ।

Basic Life Support (BLS) Training

Basic Life Support (BLS) Training को पहिलो ब्याच प्रदेश जनस्वास्थ्य कार्यालय, स्याङ्जा र दोस्रो ब्याच भीरकोट नगरपालिकामा सफलतापूर्वक सम्पन्न भयो। उक्त प्रशिक्षणमा धौलागिरी अस्पताल, बागलुङबाट प्रशिक्षकद्वय डा. शंकर लामिछाने र डा. सन्दिप खत्री ज्यूले सहजीकरण गर्नुभएको थियो । जीवनरक्षा तथा Psychomotor skills अभिवृद्धि गर्दै स्वास्थ्यकर्मी तथा विपद प्रतिकार्यमा खटिने सरोकारवाला सहभागीहरुको आपत्कालीन अवस्थामा जीवन बचाउन सक्ने क्षमता विकास भएको छ ।

विश्व आत्महत्या रोकथाम दिवस

सेप्टेम्बर १०, विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा **"संवाद सुरु गरौं; दृष्टिकोण बदलौं"** भन्ने नाराका साथ सचेतनामूलक र्‍याली आयोजना गरी दिवस मनाइयो। र्‍यालीमार्फत आत्महत्या रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या सम्बन्धी सकारात्मक दृष्टिकोण विकास गर्न जनचेतनामूलक सन्देश प्रवाह गरिएको थियो।

मानसिक स्वास्थ्य सम्बन्धी सचेतना तथा प्रवर्धन कार्यक्रम

यस कार्यालयको आयोजनामा **मानसिक स्वास्थ्य सम्बन्धी सचेतना तथा प्रवर्धन कार्यक्रम** सञ्चालन गरिएको छ। कार्यक्रममा मानसिक स्वास्थ्यको महत्व, मानसिक स्वास्थ्य समस्या तथा जोखिमका संकेतहरू, तनाव व्यवस्थापन, आत्महत्याको रोकथाम, मानसिक स्वास्थ्यसम्बन्धी भ्रम तथा कलंक न्यूनीकरण र आवश्यक परामर्श तथा उपचार सेवामा पहुँचका विषयमा जानकारी प्रदान गरिएको थियो ।

स्वस्थ गाउँ स्वस्थ पालिका सम्बन्धी १ दिने पैरवी कार्यक्रम

यस कार्यक्रम अन्तर्गत स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालासँग स्वस्थ जीवनशैली, वातावरणीय स्वास्थ्य, स्वस्थ पालिका निर्माणमा जनप्रतिनिधि र समुदायको भूमिका, स्वस्थ पालिकाका प्रमुख क्षेत्रहरू, स्वस्थ गाउँ कार्यान्वयनका प्राथमिक गतिविधिहरूका विषयमा पैरवी तथा छलफल गरिएको थियो।